*Ref. No.:*

२०७९ माघ ३ गते

# प्रेस विज्ञप्ति

काठमाडौँ महानगरपालिकाले मिति २०७९ पौष २६ गते प्रकाशित सूचनामार्फत साइकल तथा ठेला गाडा प्रयोग गरी आयआर्जन गर्न प्रतिबन्ध सम्बन्धमा **Clean Air Network Nepal- CANN** को गम्भीर ध्यानाकर्षण भएको छ।

काठमाडौँ उपत्यकामा वायु प्रदुशण बढ्दो क्रममा छ। यसको असर विभिन्न क्षेत्रमा समेत पर्न थालेको अध्यनहरु वाट पुष्टी भएको देखिन्छ। खनिज इन्धन माथिको बढ्दो निर्भरता प्रदुशणको मुख्य कारण मध्य एक हो। साइकल तथा ठेला गाडा जस्ता वातावरण मैत्री सवारीसाधनको प्रयोग, प्रोत्साहन योग्य हुन्छन्। तर यस्ता सवारीसाधनलाई{ प्रयोगमा ल्याइ आयआर्जन गर्न प्रतिबन्धित गरिए, मानिसहरु वेरोजगार हुने देखि आफ्नो परिवारको पालन पोषण जस्ता समस्या निम्त्याउने छ । सडकपेटी (FootPath) मा सबै मानिसको उत्तिकै पहुच र सहज रुपमा हिड्डुल गर्न पाउनु पर्छ। यसको दिगो व्यवस्थापन नै दिगो सडक पेटी व्यवस्थापनमा अfउछ।

तसर्थ, साइकल तथा ठेला गाडा प्रयोग गरी गरिने व्यापार तथा आयआर्जनलाई{ हामीले यो समाजको अभिन्न अंग मानेर, यसले सहरको वायु प्रदुशण न्युनिकरणमा प्रमुख भुमिका खेलेको, महानगरको आर्थिक स्थितिको एक हिस्सा भएको र समाजलाई{ चलायमान राख्र यी व्यवसायको भुमिकालाई मध्यनजर गर्दै महानगरपालिकाको आफ्नो निर्णयलाई निषेधात्मक नभइ उचित व्यवस्थापन गर्न यस संजाल हार्दिक अनुरोध गर्दछ ।

**Clean Air Network Nepal- CANN**

Pragati Path, Talchikhel, Lalitpur, Nepal • G.P.O. Box 24581, Kathmandu, Nepal
+977-1-5538660 • info@cen.org.np • www.cen.org.np

*Printed on 100% Recycled Paper*